**बैठक नं. ६** (वैठक संख्या ६४)

आज मिति २०८१/०८/०४ गते बिहान ११ बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | [signature] |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | [signature] |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | [signature] |
| ४ | वडा अध्यक्ष २ | श्री चेत वहादुर सुनारी | [signature] |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | [signature] |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण वहादुर रायमाझी | [signature] |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | [signature] |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | [signature] |
| ९ | सदस्य | श्री सरस्वती वि.क | [signature] |
| १० | सदस्य | श्री विमला जि.आर | [signature] |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | [signature] |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | [signature] |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | [signature] |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | [signature] |
| १५ | लेखा अधिकृत (आठौं) | श्री पोष्टराज न्यौपाने | [signature] |
| १६. | सूचना प्रविधि अधिकृत | श्री सुरज पाठक | [signature] |
| १७. | सी.सि. | श्री गंगा बं.गाहा | [signature] |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा**ः अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो । विश्व हिन्दु परिषद नेपाल रम्भा गाउँपालिका, पाल्पाको मिति २०८१/०८/०२ को पत्रको सम्बन्धमा जानकारी गराइयो साथै सनातन देखि सम्पूर्ण समूदायले मान्दै आएको औशी,एकादशी जस्ता तिथिहरुमा पशुपक्षीं बध नगर्नको लागि रम्भा गाउँपालिकाबासी सम्पूर्णलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

**व्यवसायिक तरकारी खेति स्तरोन्नतिको लागि अनुदान वितरण सम्बन्धमा**ः रम्भा गाउँपालिकाको आ.व. २०७९/०८० मा यस गाउँपालिका र हेफर परियोजनाको साझेदारीमा कृषि तथा पशु उद्यमशिलता कार्यक्रम अन्तर्गत बेमौसमी तरकारी उत्पादन र आयआर्जन प्रयोजनको लागि टनेल निर्माण गरी तरकारी उत्पादन गर्दै आएका कृषि तथा उद्यम विकास शाखाबाट मिति २०८१/०५/०५ मा तयार पारिएको प्रतिवेदनमा उल्लेखित १७ जना कृषकहरुलाई उक्त कार्यक्रमको नियमितताको लागि प्रति कृषक रु ५०००।(अक्षरेपि पाँच हजार) दिने निर्णय गरियो ।

**निर्णय नं ३**

**कार्यविधी प्रमाणित सम्बन्धमा**ः शिक्षालाई सिपसँग,सीपलाई श्रमसँग,श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडि भविष्यमा उद्यमी,व्यवसायीक सिपयुक्त एवं स्वावलम्बी नागरिक बन्न सहयोग पुर्याउन,स्थानीय समूदायलाई टोल विकास संस्थामा आवद्ध गरि आफ्नो गाउँ आफै बनाउँ भन्ने उद्घोषलाई सफलिभूत पार्न,स्थानीय श्रोत साधनको उच्चतम सदुपयोग गरि गाउँपालिकाभित्रका मानिसहरुलाई कृषि पेशातर्फ आकर्षित गरि कृषिमा आत्मनिर्भर गाउँपालिका निर्माण गर्न र गाउँपालिकाको लागि आवश्यक प्राविधिक तथा अप्राविधिक जनशक्ति परिचालनद्धारा विकास निर्माण तथा सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्न तपसिल बमोजिमका कार्यविधी स्विकृत गर्ने निर्णय गरियो ।

१ पढ्दै कमाउँदै कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१

२ टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधी, २०८१

३ सामुहिक खेती कार्यक्रम व्यवस्थापन कार्यविधि, २०८१

४ विज्ञ, स्वयमसेवक तथा इन्टर्न परिचालन सम्बन्धी कार्यविधी, २०८१

**निर्णय नं ४**

**नदिजन्य पदार्थ(ढुङ्गा गिट्टि बालुवा) निकासी सम्बन्धमा**ः नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा, गिटि, बालुवा (कच्चा निर्माण सामाग्री))आदि निकासीको लागि सालिन्दा नदि तथा खोलाले बगाएर ल्याउने नदिजन्य पदार्थहरुको उपयोग नहुदाँ नदि तथा खोलाले बाटो बदल्ने र धनजनको समेत क्षति हुने हुदाँ यस रम्भा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन समेतलाई आधार मानेर प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानिय स्तरका पूर्वाधार निर्माणलाई गतिसिलता प्रदान गर्नको लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन(प्रदेश आर्थिक ऐन, २०८१)मा तोकें बमोजिमको दररेट तथा यस गाउँपालिकाको नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोत निकासी कार्यविधि, २०७६ (पहिलो संशोधन समेत)लाइ टेकी हेभि इक्युपमेन्ट प्रयोग नगरी, कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाइ गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी संक्षिप्त वातावरणीय परीक्षण पुरा गरेका विभिन्न घाट तथा खोलाहरुबाट अमानतमा नदिजन्य पदार्थ(ढुङ्गा, गिटि, बालुवा (कच्चा निर्माण सामाग्री)) निकासी कार्यलाइ अगाडि बढाउने निर्णय गरीयो ।

CamScanner

**निर्णय नं ५**

**लिफ्टिङ खानेपानी आयोजनाको न्यूनतम महशुल भुक्तानी**: रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम लिफ्टिङ खानेपानी न्यूनतम विद्युत महशुल भुक्तानी शिर्षकमा विनियोजित बजेटबाट कार्यक्रम कार्यान्वयनका लागि प्रकाशित सूचना बमोजिम पेश हुन आएका खानेपानी आयोजनाको श्रावण, भाद्, आश्विन र कार्तिक महिनाको न्यूनतम विद्युत महशुल भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

**रैथाने बाली प्रवर्द्धन कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा**: रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषि शाखाबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएका किसानहरुलाई सोहि बमोजिमको रकम भुक्तानी दिने ।

**निर्णय नं. ७**

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा**: आ.व. २०८१/०८२ को हालसम्ममा गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादित बार्षिक कार्यक्रम र विकास आयोजना, सुशासन तथा सेवा प्रवाहको प्रभावकारीता र अवस्थाका सम्बन्धमा आमनागरिकलाई जानकारी गराउने साथै जनगुनासो समेतको सम्बोधन गर्ने उद्देश्यले मिति २०८१ पौष १५ गते भित्र सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

**एकिकृत घुम्ती शिविर संचालन सम्बन्धमा**: गाउँगाउँमा सिंहदरबार भन्ने मूल नारालाई साकार रुप दिने अभिप्रायले गाउँपालिकाबाट प्रवाह हुने अधिकतम सेवाहरु पालिकाभित्रका प्रत्येक वडाबाट सम्पादन गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्न मिति २०८१ मंसिर मसान्तभित्र एकिकृत घुम्ति शिविर सम्पन्न गर्ने । साथै समयतालिका वडा अध्यक्ष ज्यूहरुको समेत समन्वयमा पछि तोक्ने ।

**निर्णय नं ९**

**योजना छनौट सम्बन्धमा**: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडास्तरको निर्णय भई प्राप्त योजनाहरुमध्ये प्रत्येक वडाका २ वटा योजनाहरु र थप २ वटा गरि तपशिलमा उल्लेखित योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र सं | योजनाको नाम |
|---|---|
| १ | ईजर देखि सिद्धरम्भादेवी मन्दिर जाने गोरेटो, रम्भा-१ असेर्दी |
| २ | लाम्पाते सिंचाई पोखरी निर्माण, रम्भा-१ ढाव |
| ३ | लामभाक करङ्चघोडसिङवार पातीहार पैदल मार्ग, रम्भा-२ |
| ४ | सुरुमडाँडा भञ्ज्याङ पिपर्दी पैदलमार्ग, रम्भा-२ |
| ५ | ठाटी भञ्ज्याङ देखि निकीचौर,राम्चे देखी तल्लो छाङ्गादी,मौलाथर विलुङ स्यागुडाँडा गोरेटो बाटोको सरसफाई तथा ढुङ्गा छाप्ने, रम्भा-३ |
| ६ | हाकडाँडा,तल्लो घोडसिङ,सपाङ्दी,अल्के टोल,पल्ला बारी,सिद्धथान,झेस्काङ सामुदायिक स्वास्थ्य ईकाई,नाकपहाडको गोरेटो बाटो सरसफाई तथा कंक्रिट ढलान, रम्भा- ३ |
| ७ | लोहरेङ्ग देखि जल्पादेवी जाने बाटो निर्माण-लोहरेङ्ग,रम्भा- ४ |
| ८ | कोटदेवी मन्दिर तथा आखरथोक जल्पादेवी मन्दिर जाने गोरेटो बाटो निर्माण,रम्भा-४ |
| ९ | सेर्काबास टेमने गोरेटो बाटो निर्माण,रम्भा-५ |

| | |
|---|---|
| १० | बदहरे खोला देखि देउराली छाप मो.बा. (अधुरो), रम्भा-५ |
| ११ | रिमिघा सरसफाई कार्यक्रम, रम्भा-२ र ३ |
| १२ | भवर देखि घाट जाने बाटो, रम्भा- १ |

निर्णय नं १०

**सडक बोर्ड नेपाल बाट प्राप्त रकमबाट सडक मर्मत सम्बन्धमा:** सडक बोर्ड नेपालद्वारा चालु आ.व. २०८१/०८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि विनियोजन भएको रु १०,००,०००।(अक्षरेपि दश लाख)लाई ७५ प्रतिशत मानी उक्त रकममा थप २५ प्रतिशत(३,३३,०००) थप गरि जम्मा हुन आउने रकम १३,३३,०००।(तेह्र लाख तेत्तिस हजार)बाट तपसिल बमोजिमका सडक स्तरोन्नति गर्ने र २५ प्रतिशतले हुन आउने रकम रु ३३३००० छुटपुट पुँजिगत शिर्षकबाट व्यवस्थापन गर्ने

कोषढुङ्गा फुरुङ्दी मो.बा. स्तरोन्नतिः रु ९०००००(अक्षरेपि नौ लाख)

घ्योङसिङ खोला लेख मो.बा. स्तरोन्नतिः रु ४,३३,०००।(अक्षरेपि चार लाख तेत्तिस हजार)

निर्णय नं ११

**म्याद थप सम्बन्धमा:** रम्भा गाउँपालिका ४ नं वडाका विभिन्न सडकहरुको मर्मत सम्भार कार्य गर्दै आउनुभएका तपसिल बमोजिमका लेन्थमेनको पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र सं | नाम थर |
|---|---|
| १ | खेम बहादुर वि क |
| २ | डिल बहादुर कामी |

निर्णय नं १२

**युवा उद्यमशिलता तथा वित्तिय साक्षरता कार्यक्रम संचालन सम्बन्धमा:** यस रम्भा गाउँपालिकाको आयोजना तथा राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुरको सहयोगमा मिति २०८१/०८/१० गतेदेखि १६ गतेसम्म संचालन हुने ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी तालिम कार्यक्रम व्यवस्थापनमा हुने खर्च रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी गर्ने।

निर्णय नं १४

**एक्सरे मेसिन संचालनको लागि बजेट व्यवस्थापन सम्बन्धमा:** यस गाउँपालिका अन्तर्गत ताँहु प्राथमिक स्वास्थ्य केन्द्र र हुँगी स्वास्थ्य चौकीमा एक्सरे मेसिन संचालनको लागि प्राविधिक इस्टिमेटमा उल्लिखित रकम छुटपुट पुँजिगत शिर्षकबाट व्यवस्थापन गर्ने।

निर्णय नं १५

**सूचना प्रवाह सम्बन्धी पेश भएका प्रस्तावना सम्बन्धमा:** यस गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुशासन, योजना तथा समग्र गाउँपालिकाको हरेक विषयसँग सम्बन्धित सवालहरुलाइ आम जनताबिच सम्प्रेषण गरि पारदर्शी गाउँपालिका निर्माण गर्ने उद्देश्यले चालु आ.व. ०८१/०८२ को आषाढ मसान्तसम्म रेडियो कार्यक्रम प्रसारणको लागि रेणियो मदनपोखराले पेश गरेको प्रस्ताव स्वीकृत गरी कार्यक्रम संचालन बापत रु ७५,०००(अक्षरेपि पचहत्तर हजार) पत्रकारीता क्षेत्रसँगको सहकार्य शिर्षकबाट उपलब्ध गराउने गरि कार्यक्रम अघि बढाउने निर्णय गरीयो।

CamScanner

**निर्णय नं १६**

**चालु आ.व. को हालसम्मको आय व्यव विवरणका सम्बन्धमा:** चालु आ.व. ०८१/०८२ को हालसम्मको आय व्यय विवरणका सम्बन्धमा जानकारी गराइयो । हालसम्म अनुमानित आयको २५.५६% आम्दानी प्राप्त भएको छ भने अनुमानित व्यय को जम्मा १४.६६% खर्च रहेकोमा चालु तर्फ १९.१८% र पुँजीगत तर्फ ३.५४% खर्च भएको देखिन्छ ।

**निर्णय नं १७**

**गत आ.व. को भुक्तानी सम्बन्धमा:** गत आ.व. मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी तपसिल बमोजिमको रकम तपसिल बमोजिम शिर्षकबाट भुक्तानी दिने ।

| क्र सं | योजना कार्यक्रमको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी पाउनेको नाम | शिर्षक |
|---|---|---|---|---|
| १ | बेलौजा स्वास्थ्य चौकी मर्मत वडा नं २ | १९७०८३(अक्षरेपि एक लाख सन्तानब्बे हजार त्रियासी) | अमृत कन्स्ट्रक्सन | छुटपुट पुँजिगत |
| २ | बेलौजा खेल मैदान निर्माण वडा नं २ | १५६०००(अक्षरेपि एक लाख छपन्न हजार) | बेलोजा खेल मैदान निर्माण उपभोक्ता समिति | छुटपुट पुँजिगत |
| ३ | नयाँ स्थायी सिफारीस | १५९८५(अक्षरेपि पन्ध्र हजार नौ सय पचासी) | प्रगति शर्मा | छुटपुट चालु |
| ४ | विद्युत महशुल | १८४३(अक्षरेपि एक हजार आठ सय त्रिचालिस) | अम्बिसरा काम्मु | |
| ५ | विद्युत महशुल | ८५७९(अक्षरेपि आठ हजार पाँच सय उनन्असी) | कुमिसरा बराल | |
| ६ | सुत्केरी प्रोत्साहन | १३५००(अक्षरेपि तेह्र हजार पाँच सय) | खुमा थापा | |
| ७ | उपचार सहायता | ८०००(अक्षरेपि आठ हजार) | विनिता थापा | |

**निर्णय नं १८**

**योग शिविर संचालन सम्बन्धमा:** रम्भा गाउँपालिकाको आयोजना तथा पतञ्जलि योगपिठको समन्वयमा २०८१/०८/१५ गतेदेखि १९ सम्म रम्भा गाउँपालिका वडा नं ५ मा योग शिविर संचालन गर्ने र उक्त शिविर संचालन गर्दा हुने खर्च छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १९**

**प्रधानाध्यापकहरुको अध्ययन अवलोकन भ्रमण सम्बन्धमा:** शैक्षिक अवलोकन भ्रमण मार्फत गाउँपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले प्रधानाध्यापक तथा शिक्षक प्रतिनिधिहरुको शैक्षिक अवलोकन भ्रमण २०८१ को लागि अध्ययन अवलोकन भ्रमण शिर्षकमा विनियोजित बजेटबाट रु २,००,०००(अक्षरेपि दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**निर्णय नं २०**

**आत्महत्या न्यूनिकरण तथा सचेतनामूलक कार्यक्रमः** समाजमा बढ्दो आत्महत्या तथा रक्तचाप न्यूनिकरणका लागि किसान युवा क्लव रम्भा गाउँपालिका वडा नं ५ ले पेश गरेको प्रस्तावना स्वीकृत गरि कार्यक्रम सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात रु ५००००।(अक्षरेपि पचास हजार मात्र) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं २१**

**आर्थिक सहायता सम्बन्धमाः** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | मार्सीडाँडा खानेपानी उपभोक्ता समिति | २०८१/०४/३१ | | खानेपानी मूहान क्षति | १५०००(अक्षरेपि पन्ध्र हजार) | विपद व्यवस्थापन कोष |
| २ | धन बहादुर गाहा रम्भा ३ | २०८१/०६/१३ | २०८१/०६/१५ | घर र भान्साभा क्षति भएको | १००००(अक्षरेपि दश हजार) | विपद व्यवस्थापन कोष |
| ३ | लेमन सोमै रम्भा २ | | | आमाको मृत्यु भईसकेको र बाबु बौद्धिक अपाङ्ग भएको हुदाँ छोरा लेमन सोमैको पालन पोषणको लागि | १००००(अक्षरेपि दश हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ४ | खगिसरा दमाई रम्भा ३ | २०८१/०७/२९ | | श्रीमानको मृत्यु भएको र घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुदाँ काजक्रियाको लागि सहयोग | १००००(अक्षरेपि दश हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ५ | जलदेवी हार्डवेयर रम्भा ३(उमान सिं सारु) | २०८१/०७/१३ | २०८१/०७/२० | रम्भा ३ अगाँहाखोलामा आएको पहिरोबाट खानेपानी पाइपमा क्षति भएको हुदाँ खानेपानी सूचारुको लागि पाइप व्यवस्थापन | २६६४८(अक्षरेपि छब्विस हजार छ सय अड्चालिस) | विपद व्यवस्थापन कोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | इन्द्र कुमारी राना रम्भा ३ | २०८१/०७/१२ | २०८१/०७/२० | रम्भा ३ अगाँहाखोलामा आएको पहिरोको कारण घर क्षति भएको | ७५००(अक्षेरुपि सात हजार पाँच सय) | विपद व्यवस्थापन कोष |
| ७ | बल बहादुर सिंजाली रम्भा ३ | २०८१/०७/१२ | २०८१/०७/२० | रम्भा ३ अगाँहाखोलामा आएको पहिरोको कारण कुखुरा फर्ममा क्षति | ५०००(अक्षेरुपि पाँच हजार) | विपद व्यवस्थापन कोष |
| ८ | सम्मर बहादुर राना | २०८१/०७/१२ | २०८१/०७/२० | रम्भा ३ अगाँहाखोलामा आएको पहिरोको कारण सामान क्षति | ५०००(अक्षेरुपि पाँच हजार) | विपद व्यवस्थापन कोष |
| ९ | देवि सरा सिंजाली रम्भा ३ | २०८१/०७/१२ | २०८१/०७/२० | रम्भा ३ अगाँहाखोलामा आएको पहिरोको कारण सिजन कस्मेटिक एण्ड गिफ्ट पसलमा क्षति | १००००(अक्षरुपि दश हजार) | विपद व्यवस्थापन कोष |
| १० | राजु टोमटा रम्भा ३ | २०८१/०७/१२ | २०८१/०७/२० | परिवारको आर्थिक अवस्था कमजोर भएको हुदाँ पेटको अप्रेसन तथा औषधि उपचारको लागि | ७०००(अक्षेरुपि सात हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ११ | रणउजेरेश्वरी भगवती गुठी व्यवस्थापन समिति पाल्पा | | | रणउजेश्वरी भगवती माताको २०५औ खट यात्रा संचालन | १००००(अक्षरुपि दश हजार) | छुटपुट चालु खर्च |

**निर्णय नं २२**

**स्वयमसेवक नियुक्ति सम्बन्धमाः** रम्भा गाउपालिका ५ ताहुँमा निर्माणाधिन १५ शैया अस्पतालको सुपरभिजनको लागि एक जना असिष्टेन्ट सब इञ्जिनियर तत्काल आवश्यक भएको हुदाँ रम्भा गाउँपालिकाको विज्ञ स्वयमसेवक तथा इन्टर्न परिचालन सम्बन्धी कार्यविधी,२०८१ बमोजिम रम्भा गाउँपालिका वडा नं ३ निवासी श्री उज्वल आचार्यलाई स्वयमसेवक पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं २३**

**जनजाति सांस्कृतिक संग्राहालय निर्माण सम्पन्न गर्न पत्राचार गर्ने सम्बन्धमाः**

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रम्भा गाउँपालिकाको साझेदारीमा वडा नं २ फोक्सिङकोटमा आ व २०७७/०७८ मा आदिवासी जनजाती सांस्कृतिक संग्राहालय निर्माणको लागि कार्की ब्रदर्श कन्स्ट्रक्सन रम्भा गाउँपालिका ५ पाल्पा बिच १,१५,१७,३१३।२१ मा सम्झौता भएकोमा सो बिचमा तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकी रम्भा गाउँकार्यपालिकाको मिति २०८१/०२/०४ मा २०८१/०७/३० सम्म निर्माण सम्पन्न गर्ने गरि म्याद थप भएकोमा उक्त म्याद भित्र पनि निर्माण कार्य सम्पन्न नगरेको हुदाँ सार्वजनिक खरिद नियमावलीको नियम १२१ (क) बमोजिमको व्यवस्था लागु हुने गरि निर्माण सम्पन्न गर्न उक्त निर्माण कम्पनीलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं २४**

**आर्थिक विकास समितिबाट पेश भएको प्रस्ताव सम्बन्धमाः** उद्यमशिलता रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकरण र प्रदेश सरकार विशेष अनुदान अन्तर्गत लिचि फलफूल पकेट क्षेत्र विस्तार कार्यक्रम संचालन, अनुमानित बजेट विनियोजन र क्षेत्र छनौट सम्बन्धमा आर्थिक विकास समितिबाट मिति २०८१/०८/०२ मा पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner